# अजिमारामा टुकीलाई बिदा बाह्रमौजामा परैबाट उज्यालो

**तुलसीपुर समाचारदाता**
*तुलसीपुर, चैत २५ गते*

सुगम मानिने दाङको तुलसीपुर उपमहानगरपालिकाभित्रै पनि अझै आधारभूत सेवाबाट वञ्चित बस्ती छन् । तीमध्ये वडा नं. १ को अजिमारा–अभिधारा टोलमा हालै मात्र विद्युत् पुगेपछि स्थानीयमा उत्साह छ तर नजिकैका केही बस्ती भने अझै अन्धकारमै छन् ।

अजिमाराका ७० वर्षीय टोपबहादुर न्यौपानेले जीवनभर मटितेलको टुकीको भरमा उज्यालो जोहो गर्नुभयो । विद्युत् नहुँदा मोबाइल चार्ज गर्नसमेत डेढ घण्टा हिँडेर ठाँटीगाउँ पुग्नुपर्ने बाध्यता थियो । १५ दिनअघि गाउँमा बत्ती बल्न थालेपछि उहाँको दैनिक जीवन नै सहज बनेको छ । “अब टुकी बिदा भयो, घरमै उज्यालो छ,” उहाँले खुसी व्यक्त गर्नुभयो ।

वडा नं. १ का वडाध्यक्ष हुमकान्त सापकोटाका अनुसार अजिमारा टोलका १६ घरमा विद्युत्सेवा पुगेको छ । उहाँले बाँकी रहेका गैरासिउरेलगायतका बस्तीमा पनि विद्युतीकरणका लागि पहल भइरहेको जानकारी दिनुभयो ।



नेपाल विद्युत् प्राधिकरण, तुलसीपुर वितरण केन्द्रले ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत ठाँटीगाउँदेखि अजिमारासम्म करिब चार किलोमिटर क्षेत्रमा थ्री फेज लाइन विस्तार गरेको हो । केन्द्रका प्रमुख सुरेशकुमार महतोका अनुसार यसका लागि करिब ३३ लाख १० हजार रुपियाँ खर्च गरिएको छ । पहाडी भूगोल र छरिएका बस्तीका कारण सबै क्षेत्रमा एकै पटक सेवा विस्तार गर्न चुनौती रहेको उहाँले बताउनुभयो ।

अजिमारा, अभिधारा र कोलडाँडा बस्तीमा विद्युत् पुगे पनि नजिकैको बाह्रमौजा भने अझै सेवा बाहिरै छ । यहाँका स्थानीयले विद्युत् आउने आशामा दुई हप्ताअघि नै घर घरमा वायरिङ गरिसकेका छन् । तुलसीपुर–१२, बाह्रमौजाका ६० वर्षीय भक्तबहादुर थापाले पोल गाडिए पनि लाइन नजोडिँदा निराशा बढेको बताउनुभयो ।

वडा नं. ३ का वडाध्यक्ष वीरबहादुर विश्वकर्माले विद्युत् प्राधिकरणसँग पटक पटक आग्रह गरे पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो । “पोल गाडिएको छ, संरचना तयार छ तर लाइन जोडिएको छैन,” उहाँले भन्नुभयो ।

## नेसनल लाइफले दियो तालिम

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत २५ गते*

नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले विभिन्न शाखा कार्यालयमा आबद्ध अभिकर्ता समूहलाई तालिम प्रदान गरेको छ । प्रेरणा, प्रगति र पेसागत उत्कृष्टताको साथ प्रस्तुत गरेको मासिक योजना मन्थन २०८२ अन्तर्गत तोकिएको बिमाशुल्क सङ्कलन गरी छनोट भएका सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश अन्तर्गतका सबै शाखा कार्यालय र लुम्बिनी प्रदेश अन्तर्गतका केही शाखा कार्यालय गरी १६० जना अभिकर्तालाई तालिम दिइएको हो ।

कम्पनीका सहायक महाप्रबन्धक विवेक शर्माले उद्घाटन गरेका कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रमुख नवीनकिशोर भट्टले स्वागत गर्नुभएको थियो भने एजेन्सी विभाग प्रमुख सुशीलप्रताप राणाले विभिन्न योजनामार्फत प्रशिक्षण प्रदान गर्दै आइरहेको परिप्रेक्ष्यमा मासिक योजना मन्थन, २०८२ जारी गरिएको बताउनुभयो ।

कार्यक्रममा विभिन्न शाखामा रही उत्कृष्ट कार्य गरी प्रथम, द्वितीय र तृतीय हुनेलाई सहायक महाप्रबन्धक विवेक शर्माले मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# महँगियो सुन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत २५ गते*

स्थानीय बजारमा सुनचाँदीको मूल्य फेरि बढेर तोलामा तीन लाख रुपियाँनजिक पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घटेकाले सुनको मूल्यमा एक्कासि वृद्धि भएको हो । बुधबार सुनको मूल्य तोलामा सात हजार दुई सय रुपियाँले बढेर दुई लाख ९९ हजार रुपियाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा त्यसको असर स्थानीय बजारमा पर्न गएको हो । अन्तर्राष्ट्रिय बजारमा बुधबार प्रतिऔँस सुनको मूल्य बढेर चार हजार ८०४ अमेरिकी डलर पुगेका छ । दुई महिनाअघि तीन लाख ३९ हजार रुपियाँ पुगेको सुनको मूल्य घटेर दुई लाख ७५ हजार रुपियाँमा झरेको थियो । त्यसपछि फेरि बढेर सुनको मूल्य तीन लाखनजिक पुगेको छ ।

मङ्गलबार दुई लाख ९१ हजार आठ सय रुपियाँमा कारोबार भएको थियो । पश्चिम एसियाली मुलुकमा भएको युद्धको कारण सुन बेचेर डलरमा लगानी बढेकाले मूल्य घट्दै गएको थियो ।

अमेरिका, इजरायल र इरानबिच दुई साताका लागि युद्धविराम भएसँगै कच्चा तेलको मूल्य घट्दा अन्तर्राष्ट्रिय बजारमै सुन बढ्दा त्यसको प्रभाव स्थानीय बजारमा पर्न गएको हो ।

महासङ्घका प्रथम उपाध्यक्ष धर्मसुन्दर वज्राचार्यले आगामी दिनमा सुनको मूल्य थप बढ्ने देखिएको जानकारी दिनुभयो । “यसअघि युद्धका कारण तेलको आपूर्तिमा कम हुँदा लगानीकर्ताले सुन बेचेर डलर खरिद गर्न थालेपछि मूल्य घटेको थियो,” उहाँले भन्नुभयो, “अब केही दिन सुनको मूल्य थप बढ्ने देखिन्छ ।” यस्तै चाँदीको मूल्यसमेत बढेर पाँच हजार रुपियाँ नाघेको छ । मङ्गलबार तोलामा चार हजार ८२० रुपियाँमा कारोबार भएको चाँदी मूल्य बुधबार तोलामा २०५ रुपियाँले बढेर पाँच हजार २५ रुपियाँमा पुगेको महासङ्घले जनाएको छ । बुधबार अन्तर्राष्ट्रिय बजारमा प्रतिऔँस चाँदीको मूल्य ७७ अमेरिकी डलर पुगेको छ ।

## किसानले गरे हाइब्रिड मकैको बिउ उत्पादन

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, चैत २५ गते*

सिन्धुली जिल्लामै पहिलो पटक कपिलाकोट गाउँपालिका–६, भुताहाका किसानले मकैको ‘रामपुर हाइब्रिड–१०’ जातको बिउ उत्पादन सुरु गरेका छन् । यस वर्ष कृषि विकास कार्यालय सिन्धुलीको अगुवाइमा भुताहास्थित कपिलाकोट साना किसान कृषि सहकारी संस्थामा आबद्ध १६ जना किसानले मकैको रामपुर हाइब्रिड (वर्णशंकर)–१० जातको बिउ उत्पादन थालेका हुन् । परीक्षण सफल भएपछि स्थानीय किसान उत्साहित छन् ।

उत्पादन भएको बिउ बढी मूल्यमा बिक्री हुने र थोरै जमिनबाट धेरै फाइदा हुने भएपछि किसान उत्साहित भएका उक्त कार्यमा संलग्न किसान अर्जुनबहादुर गुर्मछान मगर बताउनुहुन्छ ।

किसानले उत्पादन गरेको बिउ बजारीकरणका लागि मुक्तिनाथ कृषि कम्पनीसँग सम्झौता भएको र उक्त कम्पनीले मकै भाँचेर तीन/चार दिन सुकाएको घोगासहितको बिउ प्रतिकेजी ११५ रुपियाँमा र छोडाएको (दाना) बिउ प्रतिकेजी १६० रुपियाँमा खरिद गर्ने सम्झौता गरेको उहाँले सुनाउनुभयो ।

बिउ उत्पादन कार्यक्रम अन्तर्गत भुताहाका ती किसानले १० बिघा खेतमा उक्त जातको बिउ उत्पादन गरी रहेको कृषि विकास कार्यालयले जनाएको छ । कार्यालय प्रमुख अनुप अधिकारीका अनुसार उक्त बिउ उत्पादनका लागि राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर, चितवन (नार्क) र मरिण गाउँपालिकाको पनि साझेदारी रहेको छ ।

मरिण गाउँपालिकामा भइरहेको मकैको रामपुर हाइब्रिड–१० जातको बिउ उत्पादन कार्यक्रमको मङ्गलबार राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर चितवन, बागमती प्रदेश बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र हेटौँडाका प्रमुख तथा वैज्ञानिक, जिल्लास्थित सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिबाट स्थलगत अनुगमन तथा निरीक्षण गरी किसानलाई सल्लाह सुझाव दिएका छन् । राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर चितवनका प्रमुख तीर्थराज रिजालले गत वर्ष सिन्धुलीकै हरिहरपुरगढी गाउँपालिकाले २२ कट्ठा जमिनमा गरेको मकैको रामपुर हाइब्रिड–१० जातको बिउ उत्पादन कार्य असाध्यै राम्रो भएपछि त्यसबाट प्रभावित भई मरिण गाउँपालिकामा उक्त बिउ उत्पादन सुरु गरेको बताउनुभयो ।

बागमती प्रदेश बिउबिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख राजन ढकालले मरिण (भुताहा) मा मकैको रामपुर हाइब्रिड–१० जातको बिउ उत्पादन कार्यक्रम प्रारम्भिक परीक्षण भएको र प्रारम्भिक नतिजा हेर्दा उत्साह थपिएको सुनाउनुभयो ।

अनुगमन कार्यमा संलग्न जिल्ला समन्वय समिति उपप्रमुख शान्ता कार्कीले हावापानी र माटो सुहाउँदो मकैबालीको विकास गर्दै जानुपर्ने र घोँगा लागेर दाना नलाग्न समस्या विगतमा देखिएकाले त्यसबाट सजग हुनुपर्ने बताउनुभयो । मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तानले गाउँपालिकामा आकस्मिक रूपमा आएको उक्त बिउ उत्पादन प्रभावकारी भएको बताउनुभयो ।

---

**Ruby Valley Rural Municipality**
**Office of Rural Municipal Executive,**
**Sertung, Dhading**
**Invitation for Bids (Notice No: RVRM/NCB/GOODS/2082/083/02)**
*Date of Publication: 2082/12/26*

1. Ruby Valley Rural Municipality, the Office of Rural Municipal Executive, invites e-biddng from eligible bidders for the procurement mentioned below.

| SN | Name of Project | Estimate Amount (Including with VAT ) | Bid Document Price (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | The Procurement of Rubyvalley gaunpalika,vidhayalayama Computer, printer & Shaishik samagri Kharid tatha baal bikash kakshya ,bebsthapan **(RVRM/NCB/GOODS/2082/083/02)** | 75,14,816.4 /- | 3000 /- | 1,66,257 /- |

2. A complete set of Bid Document and other related information can be downloaded from PPMO E-Portal www.bolpatra.gov.np/egp
3. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

**गुजरा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
**सिमराभवानीपुर, रौतहट**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**
**प्रथमपटक प्रकाशित मितिः २०८२।१२।२६**

यस नगरपालिकाबाट मिति २०८२।१२।०८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा पुनः बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएको बोलपत्रहरुमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृतिका लागि छनोट भएको बोलपत्र | न्यूनतम कबोल अंक |
|---|---|---|---|---|
| १ | GUJMUN/NCB/WORKS/04/2082-83 | Gujara-5, Sonnardih Kuraniya Khola Maa Pool Nirman Karya. | Samagra Construction Pvt. Ltd. Chandrapur-5, Rautahat | 57,20,148.23 Including VAT and PS Item |

---

**राजर्षिजनक विश्वविद्यालय**
**रजिष्ट्रारको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**कार्यालयका लागि सुरक्षा गार्डसम्बन्धी बोलपत्र आह्वानको सूचना**
**प्रथमपटक प्रकाशित मिति : २०८२।१२।२६ गते**
ठेक्का नं. **RJU/SECURITY SERVICE-01/082/083**

राजर्षिजनक विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय तथा विश्वविद्यालय अन्तरगतका निकायका लागि आवश्यक सुरक्षागार्ड सेवा लिनुपर्ने भएकाले उल्लेखीत कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरूले सार्वजनिक खरीद अनुगमन कार्यालयको वेवसाईट **www.bolpatra.gov.np/egp** मार्फत रितपूर्वक विद्युतीय बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ । बोलपत्र दस्तुरबापतको रकम राजर्षिजनक विश्वविद्यालयको चल्ती खाता नं. १५२०१०००२२८१००१ राष्ट्रिय वाणिज्य बैंक, पिडारी चौक शाखामा दाखिला गर्नुपर्ने छ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नं.९८४१२४७५९२ र ९८४४०५८५८६ मा वा यस कार्यालयको वेवसाइ **www.rju.edu.np** मा सम्पर्क गर्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर (फिर्ता नहुने) | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| १. | RJU/SECURITY SERVICE-01/082/083 | कार्यालयको लागि सुरक्षा गार्ड | ३,०००/– | २०८३।०१।३१ गते १२:०० बजेसम्म | २०८३।०१।३१ गते २:०० बजे |

---

**ऋण असुली न्यायाधिकरण, कमलपोखरी काठमाडौंबाट तपसिलबमोजिमका प्रतिवादीका नाउँमा जारी गरिएको ७ (सात) दिने म्याद सूचना**

**प्रकाशित मिति : २०८२।१२।२६ गते**

निवेदक/वादी **एनआईसि एसिया बैंक लिमिटेड** र प्रतिवादी **सुमन नेम्वाङ**समेत भएको ऋण असुली मुद्दामा (मु.नं. .४२४/०८०-**DR**-०२८०) तपसिलमा उल्लेखित प्रतिवादीहरूको नाउँमा जारी गरी पठाइएको म्याद बेपत्ते व्यहोराबाट तामेल भई आएकाले यस न्यायाधिकरणको मिति २०८१।०६।१५ को फैसला र मिति २०८२।०८।०५ को आदेशानुसार वादी बैंकले भराई पाउने ठहरेको जम्मा रु.२१,८४,१८४।०६ र बाँकी साँवा रकम रु.१५,१४,७४६।९३ को मिति २०८१।०६।१६ देखि भरिभराउ हुने दिनसम्मको ब्याज यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस न्यायाधिकरणको ऋण असुली शाखामा बुझाउन आउनु होला । सो म्यादभित्र ऋणको साँवा ब्याज बुझाउन नल्याएमा कानुनबमोजिम हुनेछ । यसमा पछि तपाईंको कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

कालिबहादुर लिम्बुको नाति, नरसिंह लिम्बुको छोरा, झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ५ हाल परिवर्तित झापा जिल्ला बुद्धशान्ति गा.पा. वडा नं. ३ बस्ने ऋणी सुमन नेम्वाङको (ना.प्र.नं.०२/३२३५ मिति २०६३।०३।०१, जि. प्र.का झापा) ...............................१

विरमान सिंह लिम्बुको नाति, कालिबहादुर लिम्बुको छोरा, झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ७ हाल परिवर्तित झापा जिल्ला बुद्धशान्ति गा.पा. वडा नं. ३ बस्ने व्यक्तिगत जमानीकर्ता नरसिंह लिम्बु नेम्वाङको (ना.प्र.नं. ४०४१११८४६ मिति २०५८।०९।१०, जि. प्र.का झापा) ..................२

छत्रबहादुर तामाङकी छोरी, नरसिंह लिम्बुकी बुहारी, सुमन नेम्वाङकी पत्नी, झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ५ हाल परिवर्तित झापा जिल्ला बुद्धशान्ति गा.पा. वडा नं. ३ बस्ने व्यक्तिगत जमानीकर्ता मेनुका तामाङको (ना.प्र.नं.०४१०१०।६३१ मिति २०६५।१२।१८,जि. प्र.का झापा) ....................३

**इति सम्वत २०८२ साल चैत्र महिना २५ गते रोज ४ शुभम्** ..... १

---

**ढोरपाटन नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**गण्डकी प्रदेश, बुर्तिबाङ, बागलुङ**
**शिलबन्दी कोटेशन पेश गर्नेबारे सूचना**
**प्रथमपटक सूचना प्रकाशन मिति : २०८२/१२/२६ गते**

प्रस्तुत विषयमा यस ढोरपाटन नगरपालिकाको आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत यस कार्यालयको मिति २०८२/१२/२३ गतेको निर्णयबमोजिम तपसिलबमोजिमका सामानहरूको खरिद कार्य शिलबन्दी कोटेशनमार्फत् अगाडि बढाउनका लागि दररेट निर्धारण गर्नु पर्नेभएको हुँदा यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र तोकिएको कार्यसँग सम्बन्धित फर्म/कम्पनीहरूले कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजातपत्र, कर चुक्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र र स्पष्ट रकम उल्लेख गरेको शिलबन्दी कोटेशन विड डकुमेन्टसहित संलग्न राखी तपशिलअनुसारको विवरण अनुसारको दररेट पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.न. | ठेक्का सूचना नं. | ठेक्काको विवरण | लागत अनुमान (भ्याटसहित) | बोलपत्र जमानत रु. | विड बोन्ड मान्य हुने आवधि | बोलपत्र कागजात खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | DM/SQ/G/03-82/83 | सबै वडा कार्यालयहरू, सामुदायिक विद्यालयहरू र स्वास्थ्य चौकीहरूमा ई हाजिरी जडान तथा नविकरण | १४,४०,७५०/– | ३६,००० | सार्बजनिक खरिद ऐन तथा नियमावली बमोजिम | १०००/– (फिर्ता नहुने गरी) |

२. खरिद मिति, बोलपत्र पेश गर्ने र खोल्ने मिति र समय

| बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बिड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति र समय | बोलपत्र कागजात खरिद गर्न बैंक खाता विवरण | बोलपत्र जमानतको लागि बैंक खाता विवरण |
|---|---|---|---|---|
| २०८३/०१/१० गते बेलुका २ बजेभित्र | २०८३/०१/१० गते बेलुका ५ बजेभित्र | २०८३/०१/१० गते बेलुका ५ बजेभित्र | नेपाल बैंक लिमिटेड १२१०३०००००१००१००००००१ राजस्व शीर्षक नं. : १४२४९ | नेपाल बैंक लिमिटेड धरौटी खाता नं. १२१०३००००००३००००००००१ |

३. सूचनामा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन (संशोधनसहित) २०६३ र सार्वजनिक खरिद नियमावली (संशोधनसहित) २०६४ बमोजिम हुनेछ ।
४. बोलपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयको पूर्वाधार विकाश शाखा (९८६३१९७२५१) मा सम्पर्क गरी बुझ्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Bharatpur Metropolitan City**
**Office of The Municipal Executive**
**Bharatpur, Chitwan**
**Bagmati Province**
**Invitation for Bid (IFB)**
**Date of Online Publication: 8th April, 2026 (2082/12/25)**

Bharatpur Metropolitan City Office, Bharatpur, Chitwan, invites only electronic bids for the following Works under Specified Bidding Procedure.

| S. N. | Contract No. / (IFB No.) | Name of the Project | Minimum Bid Amount in NRs. (Excluding all Taxes) | Price of Bid Document | Last Date of Bid Submission | Bid Validity Period | Bid Security (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | 68-BMC/082/083/O/NCB/168 | Income Collection from Riverbed Materials at Gaidachowk, BMC-4 (Narayani River) | 68,58,432.00 | NRs. 5000.00 | 8th May, 2026; 12:00 Hours | 90 days | NRs. 6,85,843.32 |
| 2 | 68-BMC/082/083/O/NCB/169 | Income Collection from Riverbed Materials at Thimura, BMC-1 (Trishuli River) | 68,58,432.00 | NRs. 5000.00 | 8th May, 2026; 12:00 Hours | 90 days | NRs. 6,85,843.32 |
| **S. N.** | **Contract No. / (IFB No.)** | **Name of the Project** | **Estimated Amount in NRs. (Including VAT and PS)** | **Price of Bid Document** | **Last Date of Bid Submission** | **Bid Validity Period** | **Bid Security (NRs)** |
| 1 | RE-60-BMC/082/083/W/SQ/146 | Laying Granular Sub-Base Materials at Janodaya Tole, BMC-11 | 19,99,624.05 | NRs. 1000.00 | 23th April, 2026; 12:00 Hours | 45 days | NRs. 50,000.00 |

Eligible bidders may obtain further information from Bharatpur Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp
**Tel: 056-521080, 056-520720**, **Email: kharid.bmc@gmail.com**

**Chief Administrative Officer**

---

**CHAUTARA SANGACHOKGADHI MUNICIPALITY**
**Office of the Municipal Executive**
**Chautara, Sindhupalchok**
**Invitation for Electronioc Bids**
**Date of publication: 2082/12/26 (09th Apr 2026)**
**The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works**

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/SQ/WORKS-02/082/083 | Upgrading works of Ketine Khale Mildanda Sadak, CSGM-03 | NRs. 16,83,752.15 | NRs. 52,000.00 | NRs. 1,000.00 | 2083/01/11 (24th Apr 2026) at 12:00 hrs | 2083/01/11 (24th Apr 2026) at 13:00 hrs |
| CSGM/SQ/WORKS-03/082/083 | Ward no. 1 ko Ward Bhaban Parisar Bhautik Nirman, CSGM-01 | NRs. 16,83,925.52 | NRs. 52,000.00 | NRs. 1,000.00 | 2083/01/11 (24th Apr 2026) at 12:00 hrs | 2083/01/11 (24th Apr 2026) at 13:00 hrs |
| CSGM/SQ/WORKS-04/082/083 | Construction Of 3D Acrylic Letter "CHAUTARA" With Infrastructure Development, CSGM-05 | NRs. 17,72,482.38 | NRs. 55,000.00 | NRs. 1,000.00 | 2083/01/11 (24th Apr 2026) at 12:00 hrs | 2083/01/11 (24th Apr 2026) at 13:00 hrs |
| CSGM/SQ/GOODS-03/082/083 (RE) | Procurement, Supply and Delivery of ICT Equipment for Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok | - | NRs. 45,000.00 | NRs. 1,000.00 | 2083/01/11 (24th Apr 2026) at 12:00 hrs | 2083/01/11 (24th Apr 2026) at 13:00 hrs |

**Future Details bidder are requested to visit PPMO website www.bolpatra.gov.np/egp.**
1. **The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.**

**Chief Administrative Officer**